# भोटेकोशी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०८०/८१
चलानी नं :

फोन नं : ०१-६२०१८१७
इमेलः ito.bhotekoshimun@gmail.com

**+२ वा स्नातकमा अध्ययनरत विद्यार्थीहरुका लागि प्राविधिक शिक्षा छात्रवृति सम्वन्धी सूचना**

पहिलो पटक सूचना प्रकाशित मिति : २०८०/०८/१३

भोटेकोशी गाउँपालिका प्राविधिक शिक्षा छात्रवृति कोष कार्यविधि,२०७९ अनुसार +२ वा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि शैक्षिक तहको अवधिभर विज्ञान तथा प्राविधिक शिक्षा विषय वा अपांगताको हकमा साधारण विषयमा अध्ययनका लागि प्रतिवर्ष क्रमश +२ तहमा रु ५०,०००। र स्नातक तहमा रु १,००,०००। प्राविधिक शिक्षा छात्रवृति वितरण कार्यक्रम रहेकोले सामुदायिक विद्यालयवाट SEE उत्तीर्ण भोटेकोशी गाउँपालिका,सिन्धुपाल्चोक स्थायी ठेगाना भएको विद्यार्थीहरुले यो सुचना प्रकाशन भएको १५ दिन भित्र आवश्यक कागजातहरु संलग्न राखि भोटेकोशी गाउँपालिका प्राविधिक शिक्षा छात्रवृति कोष कार्यविधि,२०७९ को अनुसूचि १ को ढाँचा अनुसार भोटेकोशी गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। पेश गर्नुपर्ने आवश्यक कागजात र अनुसूची एवम् कार्यविधि सम्वन्धी विस्तृत विवरण यस गाउँपालिकाको वेवसाइट bhotekoshimun.gov.np मा हेर्न हुन सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

नोट : गत वर्ष छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुले गत शैक्षिक सत्रको मार्कसिट पनि पेश गर्नुपर्नेछ ।

२०८०।८।१३

.............
बीर वहादुर वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

" शिक्षा, स्वास्थ्य र पूर्वाधारमा गुणस्तर,
कृषि,जलविद्युत, पर्यटन,खेलकुद र व्यापार, समृद्ध भोटेकोशीको आधार। "